# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बडाचौर, रोल्पा

पत्र संख्याः २०८०/०८१
सूचना नं. ०६

लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा सिभिल इन्जिनियर पदपुर्ती गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०६/०४)

यस लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वडाचौर रोल्पाका लागि तपशिल बमोजिमको तहमा **लुङ्ग्री गाउँपालिका करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ अनुसार** प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र कार्यालय समयमा माग बमोजिमका कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | इन्जिनियर, सिभिल(जनरल) | अधिकृतस्तर छैठौं | १(एक) |

१. **आवस्यक न्यूनतम योग्यता र अनुभवः**
   क) मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineer मा स्नातक उत्तीर्ण गरेको वा लोक सेवा आयोगमा Civil Engineer पदमा योग्यता पुगेको।
   ख) दरखास्त दिने अन्तिम मितिमा उमेर २१ बर्ष पुरा भई ३५ वर्ष ननाघेको।
   ग) नेपाल इन्जिनियरिङ्ग परिषदमा अनिवार्य दर्ता भएको।
   घ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

२. **दरखास्त दिने स्थान र माध्यमः** लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय, वडाचौर, रोल्पामा सिधै वा lungrimun@gmail.com मार्फत।

३. **दरखास्त दिने अन्तिम मितिः** मिति २०८०/०६/१३ सम्म। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट सम्म कार्यालय समय भित्र दरखास्त दिन सकिने छ।

४. **दरखास्त दस्तुरः** रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) (नेपाल बैंक लिमिटेट लुङ्ग्री शाखामा रहेको आन्तरिक राजश्व खाता नं २६६०३००००१००१००००१ मा जम्मा गरेको भौचर पेश गर्न सकिने छ)

५. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेद्वार स्वयमले प्रमाणित गरेको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपी, २ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

६. **सेवा शर्त र सुविधाः** स्थानीय तहको अधिकृतस्तर छैठौं वा सो सरहको पारिश्रमिक तथा अन्य शर्त करार सम्झौता बमोजिम।

७. **परिक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची, लिखित र अन्तर्वार्ता।

८. **दरखास्त फाराम, पाठ्यक्रम परिक्षा हुने स्थान, समय र मिति, दरखास्त स्वीकृत नामावली, लिखित परिक्षा तथा अन्तर्वाता सम्बन्धि सूचना** कार्यालयको वेबसाइट www.lungrimun.gov.np मा प्रकाशित गरिनेछ।

९. थप जानकारीका लागि सम्पर्कः ९८५७८२४५६६, ९८४११२७९४४

जीत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)